## जानकारी



पनौती बस्नुहुने नेइम पनौती मण्डलीको सदश्य श्रीमती रमा सुनार ४६ वर्षको उमेरमा २०७८ आश्विन १० गते/सेप्टेम्बर २६ तारिख, २०२१ आइतवार प्रभुमा सुत्नुभयो ।



धापासी बस्नुहुने नेइम धापासी मण्डलीको सदस्य श्रीमती बबिता रम्तेल (कार्की) वर्षको उमेरमा २०७८ कार्तिक ६ गते/अक्टोबर २३ तारिख, २०२१ शनिबार प्रभुमा सुत्नुभयो ।

बोफ्नी, भञ्ज्याङ्ग बस्नुहुने नेइम जहरसिंह पौवा मण्डलीको सदश्य श्री नर बहादुर बोम्जन ८२ वर्षको उमेरमा २०७८ कार्तिक ९ गते/ अक्टोबर २६ तारिख, २०२१ मंगलवार प्रभुमा सुत्नुभयो ।



कोटेश्वर बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्रीमती केशरी माया श्रेष्ठ ९० वर्षको उमेरमा २०७८ कार्तिक १७ गते/नोभेम्बर ३ तारिख, २०२१ बुधबार प्रभुमा सुत्नुभयो ।

चाबहिल बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्रीमती नानी माया प्रधान ६६ वर्षको उमेरमा २०७८ कार्तिक १७ गते/नोभेम्बर २६ तारिख, २०२१ बुधवार प्रभुमा सुत्नुभयो ।

## विशेष प्रार्थना

१. देशको आर्थिक, सामाजिक, भौतिक साथै अन्य सबै क्षेत्रमा उन्नति, प्रगति, सुधार आएको होस् ।

२. नेपाल देशमा रहेका मानिसहरूले प्रभु येशू ख्रीष्टलाई साँचो र जीवित परमेश्वर हुनुहुन्छ भनी जान्न सकून् र आफ्नो हृदयमा आफ्नो मुक्तिदाता र प्रभु भनी स्वीकार गर्न सकून् ।

३. अन्धकारका शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, घूसखोरी, हत्या, आत्मा हत्या, लागु पदार्थ दुर्व्यसन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन, बलात्कार आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।

४. मण्डलीका सबै विश्वासीहरू पवित्र आत्माको भरपूरी र पवित्र आत्माको अगुवाइमा जिउनेहरू हुन सकून् ।

५. मण्डलीमा कसैले पनि रीतिविधिको रुपमा प्रभु येशूलाई नअङ्गालेको होस् । मण्डलीमा आउनुहुनेहरू सबै ख्रीष्ट प्रभुलाई सत्यतामा प्रेम गर्नेहरू हुन सकून् जसको कारण मण्डली संख्यामा मात्र होइन गुणमा पनि बढ्दै जान सकून् ।

६. संसारका विभिन्न देशहरूमा भइरहेको गृहयुद्ध, युद्ध, अनिकाल, रोग, प्राकृतिक प्रकोपमा परेर दुःख भोगिरहेकाहरूको लागि प्रार्थना गरिदिऔं ।

७. सारा संसारभरि येशू प्रभुको नाउँको खातिर प्रभुका जनहरूलाई दुःख, कष्ट, खेदो, निन्दा, सतावट दिनेहरू कुनै न कुनै माध्यमद्वारा प्रभुको राज्यमा आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

८. विभिन्न ठाउँहरूमा डुबान, बाढी र पहिरोको कारण विस्थापित भएका परिवारको पुनर्स्थापनको लागि प्रार्थना गरौं साथै संकष्टमा परेकाहरूको उद्धारको लागि सरकारमा हुनुभएकाहरूले छिटो भन्दा छिटो राहत पुऱ्याउन सकेको होस् ।

९. सम्पूर्ण विश्वासीहरू आफ्नो जीवनमा सफलता हासिल गर्न परमेश्वरको बोलावटमा आज्ञाकारी भएर जिउन सकून् ।

१०. विभिन्न देशमा पढाइ, रोजगार तथा अन्य कामको लागि जानुभएकाहरूको सुरक्षाको लागि प्रार्थना गरिदिऔं साथै विदेशमा हुनुभएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा ख्रीष्ट प्रभुलाई चिन्न सकून् ।

११. मण्डलीमा कसैले पनि रीतिविधिको रुपमा प्रभु येशूलाई नअङ्गालेको होस् । मण्डलीमा आउनुहुनेहरू सबै ख्रीष्ट प्रभुलाई सत्यतामा प्रेम गर्नेहरू हुन सकून् जसको कारण मण्डली संख्यामा मात्र होइन गुणमा पनि बढ्दै जान सकून् ।

१२. चाडपर्वको समयमा पानीको बप्तिस्मा लिनुभएकाहरू, प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

१३. भर्माउने, प्रलोभन देखाउने, बहकाउने सबै (झूटा) शिक्षा र शिक्षकबाट मण्डलीका विश्वासीहरू सजग रहन पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार** Sunday | २१ 7<br>नेपालमा रहेका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू हुनुको साथै जीवनको असल साक्षीद्वारा पनि साक्षी बन्न सकून् ।<br>मत्ती ५:१३-१६ | २८ 14<br>नेपाल देशका मानिसहरूले प्रभु येशू ख्रीष्टलाई सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न र विश्वास गर्न सकून् ।<br>रोमी ४:२४-२५ | ५ 21<br>विभिन्न माध्यमहरूद्वारा प्रचारिने सुसमाचारद्वारा संसारभर धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।<br>रोमी १०:९-१७ | १२ 28<br>मण्डलीलाई अगुवाइ गरिरहनु-भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून् ।<br>फिलिप्पी २:१-५ |
| **सोमबार** Monday | २२ 8<br>सम्पूर्ण विश्वासीहरू एकआपसमा सधैँ प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष् बन्न सकौं ।<br>यूहन्ना १३:३४-३५ | २९ 15<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैँ धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ थेसलोनिकी ५:१६-१८ | ६ 22<br>परमेश्वरका छोराछोरीहरूलाई जुन बोलावटमा बोलाइएको छ त्यसअनुसार जिउन सकून् ।<br>एफिसी ४:१-६ | १३ 29<br>मण्डलीका सबै विश्वासीहरू जीवनका सबै रहनसहनमा परमप्रभुको आदर गर्नेहरू भई इमान्दारितामा जिउन सकून् ।<br>रोमी १५:१-६ |
| **मंगलबार** Tuesday | २३ 9<br>परमेश्वरले देखाउनुभएको योजना पूरा गर्दै जानको लागि पवित्र आत्माको अगुवाइ र उपस्थिति मण्डलीसँग सधैँ भइरहून् ।<br>प्रस्थान ३३:१३-१७ | ३० 16<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>लूका १५:१-२० | ७ 23<br>येशू प्रभुलाई विश्वास गरी मण्डलीमा आउनुभएकाहरूलाई प्रभुमा डोऱ्याउने काममा सबै विश्वासीहरू बोझसहित लागिपर्न सकौं ।<br>१ कोरिन्थी १५:५८ | १४ 30<br>सबै जवानहरू प्रभुसँगको संगति, सुसमाचार प्रचार, पढाइ, काम, विवाह आदिको लागि प्रार्थना गरिदिऔं ।<br>हितोपदेश ३:१-६ |
| **बुधबार** Wednesday | २४ 10<br>मानिसहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न सकून् ।<br>२ कोरिन्थी ६:१-२ | १ मंसीर 17<br>हामी सबैले वचन पढ्ने, साथै वचनको प्रकाश र ज्ञानमा बढ्दै जान, पवित्र आत्माले नै सहायता गरून् ।<br>एफिसी १:१८-१९ | ८ 24<br>खेदो सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून् ।<br>मत्ती ५:१०-१२ | १५ December 1<br>सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोऱ्याइएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६-२५ |
| **बिहीबार** Thursday | २५ 11<br>परमेश्वरले दिनुभएका सबै बालबालिकाहरू साथै जवान छोरा छोरीहरूको लागि धन्यवाद चढाउँदै उनीहरूको लागि आशिष् मागिदिऔं ।<br>भजनसंग्रह १२७:३-५ | २ 18<br>हामी सबै एकआपसमा सधैँ प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष् बन्न सकौं ।<br>रोमी १२:९-२१ | ९ 25<br>सबै विश्वासीहरू परमेश्वरको प्रेम, अनुग्रह, दया, कृपाप्रति सधैँ धन्यवादी भई परमेश्वरको महिमाको निम्ति जिउन सकून् ।<br>भजनसंग्रह १०३:१-१३ | १६ 2<br>मण्डलीका सबै विश्वासीहरू संसारका क्षणिक कुराहरूमा होइन तर माथिका कुराहरूमा मन लगाउनेहरू हुन सकून् ।<br>कलस्सी ३:१-२ |
| **शुक्रबार** Friday | २६ 12<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप हामी वचनमा आधारित जीवन जिउन सकौं ।<br>भजनसंग्रह ११९:१८ | ३ 19<br>निराश-हतास, चिन्ता-फिक्री, अभाव, रोग आदि समस्यामा परेकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ५५:२२, १४७:३ | १० 26<br>मण्डलीका सबै सेवक/सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून्।<br>प्रेरित २०:२८-३२ | १७ 3<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिकी जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष् मागिदिऔं ।<br>लूका २:४०, ५२ |
| **शनिबार** Saturday | २७ 13<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ | ४ 20<br>विदेशमा रोजगार र अध्ययनको सिलसिलामा जानुभएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:१-६ | ११ 27<br>बेरोजगार भएकाहरूको अभाव प्रभुले पूरा गरिदिऊन् र कामहरू पनि जुटाइदिनुभएको होस् ।<br>१ पत्रुस ५:७ | १८ 4<br>इस्राएल देशका यहूदी जातिहरूको निम्ति प्रार्थना गरिदिऔं<br>आमोस ९:१३-१५ |

**“केही क्षणको निम्ति मैले तँलाई त्यागेको थिएँ, तर अगाध कृपासित म तँलाई फेरि ल्याउनेछु । रीसको झोंकमा क्षणभरको निम्ति मैले मेरो मुख तँदेखि लुकाएको थिएँ, तर अनन्त प्रेम देखाएर म तँलाई कृपा गर्नेछु”, परमप्रभु तेरा उद्धारक भन्नुहुन्छ । यो त मेरो निम्ति नोआको पालोका दिनहरूजस्तै छ, किनकि जसरी मैले नोआको समयमा शपथ खाएको थिएँ, कि म जलप्रलयको पानीले पृथ्वी फेरि डुबाउनेछैनँ, त्यसरी नै अबदेखि तँमाथि म रीस गर्नेछैन, म तँलाई कहिल्यै हप्काउनेछैनँ भनी शपथ खाएको छु । (यशैया ५४:७-९)**